संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ५९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल भदौ १३ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै ने.क.पा. एमालेका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री प्रदिप कुमार ज्ञवालीलाई समय दिनुहुँदा उहाँले गएको तीन वर्षमा त्रिभुवन विश्वविद्यालयमा तीनसय दिनभन्दा बढी ताला लगाइएको कारण पठन पाठन प्रभावित भएको, सत्ता निकट विद्यार्थी संगठनबाट विश्वविद्यालयका प्राध्यापकमाथि हातपात तथा उपकुलपतिको टेबुल कुर्सी समेत तोडफोड भएको, विश्वविद्यालयको कार्यकारीको बैठकको माइन्यूट च्यातिएको लगायतका घटनाहरु हुँदा पनि सरकार त्यसमा संलग्न व्यक्तिहरुलाई कारवाही नगरी उल्टै संरक्षण गर्न लागेको देखिएकोले प्रमुख प्रतिपक्षी दलको गम्भिर आपत्ति रहेको छ भन्नुहुँदै उक्त घटनाको सम्बन्धमा विश्वविद्यालयका कुलपति सम्माननीय प्रधानमन्त्री वा शान्ति सुरक्षा कायम गर्नुपर्ने दायित्वमा रहनुभएका गृह मन्त्रीबाट जवाफको लागि सम्माननीय सभामुखबाट रुलिङ्ग होस् र सो नभएसम्म बैठकको कारवाही अगाडि बढ्न सक्दैन भन्नुभएपछि ने.क.पा. एमालेका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले त्रिभुवन विश्वविद्यालयमा भएको तालाबन्दी लगायतका विरोध कार्यक्रमहरुले विश्वविद्यालयको शैक्षिक एवं पठनपाठन कार्य प्रभावित हुन गएको भन्ने विषयमा सभाको गम्भिर ध्यानाकर्षण भएको छ । तसर्थ यो समस्या शिघ्र समाधान गर्न नेपाल सरकारलाई निर्देश गर्दछु भन्नुभएपछि ने.क.पा. एमालेका मा० सदस्यहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० डा० डिला सँग्रौला (पंत)
२. मा० श्री दलबहादुर राना
३. मा० श्री दिल कुमारी
४. मा० श्री दिव्यमणि राजभण्डारी
५. मा० श्री दिपक प्रकाश भट्ट
६. मा० श्री दुर्गा कुमारी विश्वकर्मा
७. मा० श्री नवराज सिलवाल
८. मा० श्री नारायण प्रसाद खतिवडा
९. मा श्री पार्वता डि.सी. चौधरी
१०. मा० श्री पार्वती कुमारी विशुन्के
११. मा० डा० पुष्पा कुमारी कर्ण कायस्त
१२. मा० श्री प्रेम सुवाल
१३. मा० डा० विजय सुब्बा

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो :-

संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेश हुन आएका देहाय बमोजिमका विधेयकहरु सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत प्रतिहरु थान २ (दुई) यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| १ | नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/५/५ |
| २ | ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/५/५ |

(यादवप्रसाद कोइराला)
मिति : २०७९/५/५ सचिव

त्यसपछि सम्माननीय सभामुखले नेपाली काँग्रेस पार्टीबाट सिरहा जिल्ला क्षेत्र नं. १ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य प्रदिप गिरीको मिति २०७९ साल भदौ ४ गते निधन भएकोले नेपालको संविधानको धारा ८९ को खण्ड (च) बमोजिम प्रतिनिधि सभा सदस्य पद एक रिक्त भएको व्यहोरा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१२ को उपनियम (१) बमोजिम बैठकलाई जानकारी गराउनु भयो ।

तदुपरान्त राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिका मा० सभापति श्री निरा देवी जैरुले "राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

समितिको वार्षिक प्रतिवेदन, २०७६" र "राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको एकीकृत प्रतिवेदन, २०७९" पेश गर्नुभयो ।

तत्पश्चात मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रदिप कुमार ज्ञवाली
२. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
३. मा० श्री कृष्णभक्त पोखेल
४. मा० श्री दिव्यमणि राजभण्डारी
५. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री रेखा शर्मा
८. मा० डा० डिला सँग्रौला (पंत)
९. मा० डा० विजय सुब्बा
१०. मा० श्री अमृता थापा
११. मा० श्री घनश्याम खतिवडा
१२. मा० श्री प्रकाश रसाईली (स्नेही)
१३. मा० श्री हितबहादुर तामाङ्ग
१४. मा० श्री केदार सिग्देल
१५. मा० श्री नारायण प्रसाद खतिवडा
१६. मा० श्री गणेश कुमार पहाडी
१७. मा० डा० शिवमाया तुम्वाहाङफे
१८. मा० श्री शेरबहादुर तामाङ्ग
१९. मा० श्री विन्दा पाण्डे
२०. मा० श्री महेश बस्नेत
२१. मा० श्री टेक बहादुर बस्नेत
२२. मा० श्री खेमप्रसाद लोहनी
२३. मा० डा० भीम बहादुर रावल
२४. मा० श्री खगराज अधिकारी
२५. मा० श्री नवराज सिलवाल
२६. मा० श्री शान्तिमाया तामाङ पाखिन
२७. मा० श्री दुर्गा कुमारी वि.क.
२८. मा० श्री अञ्जना विसंखे
२९. मा० श्री राजेन्द्र कुमार के.सी.
३०. मा० श्री रामबहादुर विष्ट
३१. मा० श्री पदम गिरी
३२. मा० श्री शक्ति बहादुर बस्नेत
३३. मा० श्री मन कुमारी जि.सी.
३४. मा० श्री मायादेवी न्यौपाने
३५. मा० श्री विद्या भट्टराई
३६. मा० श्री विष्णु शर्मा
३७. मा० श्री गजेन्द्र बहादुर महत
३८. मा० श्री रेखा कुमारी
३९. मा० श्री सुजिता शाक्य
४०. मा० श्री पार्वता डि.सी. चौधरी
४१. मा० श्री गंगा चौधरी (सत्गौवा)

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री घनश्याम खतिवडाले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ४५ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै बैठक पन्ध्र मिनेटको लागि स्थगित हुने जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै पन्ध्र मिनेटपछि बस्नेगरी दिनको ३:२५ बजे स्थगित भयो ।

आजै गणपूरक संख्याको कारण पन्ध्र मिनेटको लागि स्थगित भएको प्रतिनिधि सभाको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ३:५५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल भदौ १७ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको ४:०० बजे स्थगित भयो ।

गोपालनाथ योगी
प्रतिनिधि सभाको सचिव